खावासाकी अन्तर्राष्ट्रिय केन्द्र

# KIAN हेल्लो खावासाकी

अंग्रेजी, चिनियाँ, कोरियन अथवा उत्तर कोरियन, स्पेनिश, पोर्तुगाली, तागालोग,
भियतनामी, थाई, इन्डोनेसियाली, नेपाली, जापानिज र सजिलो जापानिज
संघको  होम पेज (https://www.kian.or.jp/hlkwsk.html) मा हेर्नु होस् ।

खावासाकी अन्तर्राष्ट्रिय संघ २-२ किजुकी गिओन्च्यो, नाकाहारा वडा, खावासाकी , खानागावा प्रान्त, २११-००३३, जापान
फोन नं:044-435-7000   फ्याक्स नं:044-435-7010  https://www.kian.or.jp/ ईमेल : kiankawasaki@kian.or.jp

*********************************************************************************

## खावासाकी अन्तर्राष्ट्रिय केन्द्र
## विदेशीहरूको लागि परामर्श सेवाको समय लम्बिएको छ !

२०२१ साल अप्रिल १ तारिख बाट विदेशीहरूको लागि परामर्श सेवाको वान स्टप केन्द्र (केहि पर्दा सबैभन्दा पहिला सम्पर्क गर्ने ठाउँ) को नयाँ समय तालिका निस्किएको छ। यस वर्ष देखि दोभाषी टेलिफोन सेवा पनि शुरु गरेका छौं। त्यसैले तपाईहरुको मातृभाषाको सल्लाहकार कार्यालयमा नभएको बारहरुमा पनि तपाईहरुलाई टेलिफोन मार्फत सेवा दिने व्यवस्था गरेका छौं।

**परामर्श सेवाको समय**

**बिहान ९ बजे देखि साँझ ५ बजे** (दिउँसोको खाजा खाने समयमा पनि सेवा उपलब्ध छ)

विद्यालय भर्ना तथा रोजगार, नयाँ शैक्षिक सत्र, रोजगारीको परिवर्तन आदि तपाईहरुको नयाँ जीवन अथवा दैनिक जीवनमा कुनै समस्या परेमा फोन, ईमेल अथवा सिधै काउन्टरमा आएर सोध्नुहोस् ।

*********************************************************************************

## २०२१ साल इन्टरनेसनल फेस्तिबल इन खावासाकी

(२०२१ साल  खावासकी अन्तर्राष्ट्रिय महोत्सव)

जुलाई ४ तारिखमा आयोजना गर्ने योजना गरेको इन्टरनेसनल फेस्तिबल (अन्तर्राष्ट्रिय महोत्सव) कोरोना भाइरसको संक्रमण फैलिन नदिने उद्देश्यले यस वर्ष पनि आयोजना नगर्ने भएको छ ।

---

## गर्मी बिदामा बच्चाहरूको विदेशी भाषाको कक्षा



**मिति** : २०२१ साल जुलाई २१ तारिख (बुधबार) देखि २३ तारिख (शुक्रबार) सम्म
**स्थान** : खावासाकी अन्तर्राष्ट्रिय केन्द्र
**विद्यार्थीको संख्या** : एउटा कक्षामा १५ जना मात्र  (धेरै जनाको आवेदन आएमा गोलाप्रथा बाट छानिनेछ ।)
**कक्षा शुल्क** : ३,३०० येन (पाठ्यक्रमको शुल्क समेत)
**आवेदन दिने तरिका** : खावासाकी अन्तर्राष्ट्रिय केन्द्रको होमपेजमा भएको फर्ममा तलको कुराहरु भर्नुहोस्।
१. निवेदन दिने कक्षा  २. बच्चाको नाम (अंग्रेजी र काताकानामा)  ३. पढ्ने कक्षा (विद्यालयमा)
४. अभिभावकको नाम  ५. ठेगाना  ६. दिउँसो सम्पर्क हुने अभिभावकको फोन नं.  ७. अभिभावकको ईमेल
**आवेदन दिने म्याद** : २०२१ साल जून २५ तारिख  (शुक्रबार) सम्म

| कक्षा | समय | लक्षित कक्षाका विद्यार्थी | शिक्षकको नाम |
|---|---|---|---|
| बालकको अंग्रेजी कक्षा A | ९:५० देखि १०:५० | कक्षा १ र २ | फुजीकुरा एरुदाबेआतोरिसु (अर्जेन्टिनाको नागरिक) |
| बालकको अंग्रेजी कक्षा B | ११:०० देखि १२:०० | कक्षा ३ र ४ | |
| बालकको स्पेनिश कक्षा | १:०० देखि  २:०० | कक्षा १ देखि ५ | इचिखावा ज्योबान्नी (पेरुको नागरिक) |

# कोरोनाको भ्याक्सिन सम्बन्धि टेलिफोनबाट सम्पर्क गर्ने केन्द्र

स्वास्थ्य, श्रम तथा कल्याण मन्त्रालयको बहुभाषी टेलिफोन परामर्श केन्द्र (कल सेन्टर)



**फोन नं :** 0120-761770 (फोन गरेको शुल्क लाग्दैन)

**समय :** तल दिइएको समय तालिका हेर्नुहोस्। (शनिबार, आइतबार तथा बिदाको दिन पनि सेवा उपलब्ध)

- **जापानिज,अंग्रेजी, चाइनिज, कोरियन** वा **उत्तर-कोरियन, पोतुगाली, स्पेनिश:** बिहान ९ बजे देखि राति ९ बजे सम्म
- **थाई:** बिहान ९ बजे देखि बेलुकी ६ बजे सम्म
- **भियतनामी:** बिहान ९ बजे देखि बेलुकी ७ बजे सम्म

*********************************************************************************

# विदेशीहरुको लागि「नगरपालिका द्वारा व्यवस्थापन गरिएको घरको आवेदन फाराम」भर्ने तरिका सिकाउने कार्यक्रम

नगरपालिका द्वारा व्यवस्थापन गरिएको घरको आवेदन दिन चाहने तर फाराम भर्ने तरिका थाहा नभएकाहरुलाई आवेदन फाराम भर्ना सिकाइन्छ। साथै फाराम बुझाउन मद्दत पनि गरिनेछ।

(फारम भर्दा अंग्रेजी, चाइनिज, कोरियन, उत्तर-कोरियन, पोर्तुगाली, स्पेनिश, तागालोग, थाई, नेपाली, भिएतनाम र इन्डोनेशियन भाषामा अनुवाद गरेर तपाईहरुको सहयोगको गर्ने व्यवस्था पनि छ।)

**मिति : जून १२ तारिख (शनिबार) बिहान १० बजे देखि १२ बजे सम्म** **निःशुल्क, तर अग्रिम बूकिङ्ग आवश्यक !**

**स्थान :** खावासाकी अन्तर्राष्ट्रिय केन्द्र, दोस्रो तल्लाको संस्थागत कार्येक्रम गर्ने कोठा (दान्ताई खाचुदोउ रुम)

**आवेदन दिने म्याद** : जून ९ तारिख (बुधबार) ४ :३० सम्ममा फोन गर्नुहोस् अथवा केन्द्रमा आउनुहोस् ।



## नगरपालिका द्वारा व्यवस्थापन गरिएको घर भनेको के हो त ?

बस्न घरको समस्या भएको तथा आम्दानी कम भएकाहरुलाई सस्तो भाडा तिरेर बस्न दिनको लागि देश र शहरको आपसी सहयोगमा बनाइएको शहरको स्वामित्वमा रहेको घर हो। आवेदन दिन पाइने समय तथा बस्न शुरु गरिसकेपछि पनि विभिन्न नियमहरु पालना गर्नु पर्ने तथा आम्दानीको मापदण्डहरु जस्ता कुराहरु छ। जुन निजी भाडाको घर भन्दा फरक छ। नगरपालिका द्वारा व्यवस्थापन गरिएको घरमा बस्न कुनै विशेष रकम अथवा नवीकरण शुल्क तिर्नु पर्दैन्। तर प्रत्येक वर्षको आय विवरण हेरेर त्यस वर्षको घर भाडा निर्धारण हुन्छ।

**आवेदन दिनको लागि चाहिने कुराहरु :** (१) २० वर्ष अथवा सो भन्दा माथिको उमेरको व्यक्ति (वयस्क)

(२) १ बर्ष अथवा सोभन्दा बढी सम्बन्धित शहरमा बस्ने अथवा सो शहरमा भएको कार्यालयमा काम गर्ने व्यक्ति

(३) निश्चित मासिक आम्दानी भन्दा बढी नभएको व्यक्ति

(४) बस्न घरको समस्या भएको व्यक्ति आदि

*********************************************************************************

# खावासाकी अन्तर्राष्ट्रिय केन्द्रको विदेशी भाषाको परामर्श सेवा

केहि प्रश्न भएमा अथवा तपाईलाई केहि समस्या परेमा हामीलाई सम्पर्क गर्नुहोस्। (निःशुल्क)

**★अप्रिल महिनाबाट परामर्श सेवाको समय लम्बिएको छ !**

＊परामर्श सेवाको समय: बिहान ९:०० देखि ५:०० सम्म (दिउँसोको खाजा खाने समयमा पनि सेवा उपलब्ध छ)

＊ परामर्श सेवाको प्रत्यक्ष फोन नं.: 044-455-8811

**सम्बन्धित भाषाको सल्लाहकार कार्यालयमा नभएको बारहरुमा पनि टेलिफोन मार्फत सेवा दिने व्यवस्था छ।**

| भाषा | बार |
|---|---|
| अंग्रेजी | सोमबार देखि शनिबार |
| पोर्तुगाली | मंगलबार र शुक्रबार |
| कोरियाली/उत्तर कोरियाली | मंगलबार र बिहीबार |
| भियतनामी | मंगलबार र शुक्रबार |
| इन्डोनेसियाली | मंगलबार र बुधबार |

| भाषा | बार |
|---|---|
| चिनियाँ | सोमबार देखि शनिबार |
| स्पेनिश | मंगलबार र बुधबार |
| तागालोग | मंगलबार र बुधबार |
| थाई | सोमबार र मंगलबार |
| नेपाली | मंगलबार र शनिबार |

खावासाकी अन्तर्राष्ट्रिय केन्द्रको होमपेज

## ＊प्रशासनिक अधिकृतद्वारा निःशुल्क परामर्श सेवा

(जापानिज भाषामा मात्र परामर्श सेवा उपलब्ध गराइने भएतापनि अनुवाद गराई लिने व्यवस्थाको बुकिंग पनि गर्न सकिने, तर सशुल्क)

मिति र समय : जून २० तारिख (आइतबार) र जुलाई १८ तारिख (आइतबार) दिउँसो २:०० देखि ४:०० सम्म

स्थान : खावासाकी अन्तर्राष्ट्रिय केन्द्र दोस्रो तल्ला, संघको बैठक कोठा